नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २७ गते २०१२ साल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २८

पब्लिक वर्क्स तथा संचार मन्त्रालय अंतर्गत हवाइ विभागमा ७ जना रेडियो टेक्निसियन र ७ जना रेडियो अपरेटरहरु चाहिएकाछन् । योग्य नेपाली उमेदवारहरुबाट प. स. क. दरखास्त फारम नं. १ (२०१०) मा मंसीर २०१३ साल ज्येष्ट १ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला । दरखास्त फारमको ननुना प्रत्येक नेपाली हुलाक, गढी, चौंडा, गोस्वारामा पनि पाइने छ । दरखास्त साथ फीं पठाउन पर्दैन ।

पदको विवरण यस प्रकार छः—

१, पद—रेडियो टेक्निसियन, रेडियो अपरेटर, स्थाई तथा पेन्सन पाइने ।

आधिकारिकता सम्बन्धी विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्युनतम योग्यता- सरकारबाट स्वीकृति प्राप्तको कुनै इन्स्टिच्युशनबाट रेडियो अपरेटरबाई रेडियो अपरेटरको सर्टिफिकेट १ रेडियो टेक्निसियनबाई रेडियो टेक्निसियनको सर्टिफिकेट पाएको।

३. विशेष योग्यता— आफनो आफनो क्षेत्रमा प्राविटकल अनुभव प्राप्त गरेको हुनु पर्दछ।

४. उमेदवारले गुरुमा कुन ठाउमा काम गर्नुपर्ने— गौचर रवाई अड्डामा र बिराट नगरमा वसी काम गर्नु पर्नेछ। त्यसमा कामको अनुकुल हेरी सरकारले जुनसुकै अवस्थामा जुनसुकै ठाउँमा पनि खटाउन र पठाउन सक्नेछ।

५. मासिक तलब रु. ७०,१३० (काठमाडौंमा पर्नेबाई मो. रु. र बिराटनगरमा पर्नेबाई कं. रु.)।

६. मासिक विशेष तलब वा भत्ता— महंगी भत्ता रु १२।५० र विशेष भत्ता रु. १७५०।

७. काम— अपरेटरले यरोनोटिकल कम्युनिकेशन विषयको काम गर्ने र टेक्निसियनले पनि सोहि विषयको टेक्निसियनको काम गर्ने।

आज्ञाले—
नरेन्द्रमणि आ दी,
मेम्बर पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं, नेपाल,

330

अधिकारिकता महाप्रा विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।